मिति : २०७७/०६/२७ गते
समय : बिहान ११:३० बजे
स्थान : महांकाल सदन

# भिमेश्वर नगरपालिका, नगर कार्यपालिकाको ५८ औं बैठकको निर्णयहरु

**निर्णय नं १ :** प्राथमिक स्वास्थ्य केन्द्र (प्रस्तावित चरिकोट अस्पताल) बाट न्याय हेल्थ नेपालको सहकार्यमा जिल्लाभरका लागि निशुल्क विशेषज्ञ स्वास्थ्य सेवा संचालन हुदै आइरहेकोमा हाल न्याय हेल्थ नेपाल आर्थिक अभावका कारण बाहिरन लाग्दा पनि संचालित सेवाहरु सूचारु राख्नुपर्ने बाध्यात्मक अवस्था छ । साविकमा प्रवाह हुदै आएका सेवाहरु सुचारु राख्न जनशक्ति व्यवस्थापन, वित्तिय व्यवस्थापन, पूर्वाधार व्यवस्थापन लगायतका कार्यहरु सम्पादन गर्नुपर्ने भएको छ । उपरोक्त सम्वन्धमा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

(क) प्रस्तावित चरिकोट अस्पताल प्रदेश अस्पतालको रुपमा विस्तार हुने प्रक्रियामा रहेको भएता पनि उक्त प्रक्रिया निष्कर्षमा पुग्न समय लाग्ने देखिन्छ । हालको संक्रमणकालिन व्यवस्थापनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(४)(ख)(२) तथा भिमेश्वर नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा (६) तथा दफा (७) समेतका आधारका साथै विगतमा न्याय हेल्थ नेपाल र नेपाल सरकार, स्वास्थ्य मन्त्रालय बीच भएको सम्झौता अनुसार ५० बेडको अस्पतालको रुपमा संचालन भईरहेको सन्दर्भमा चरिकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई चरिकोट अस्पतालको रुपमा नामाकरण गरी सोहि अनुरुप सेवा संचालन गर्ने ।

(ख) प्रकरण (क) बमोजिमको सेवा विस्तार गर्न आवश्यक पर्ने जनशक्ति सम्वन्धमा प्राथमिक स्वास्थ्य केन्द्रको प्राविधिक टोलीले तयार पारी अस्पताल व्यवस्थापन समिति बैठकको निर्णयानुसार प्राप्त दरवन्दी विवरण हाल कार्यपालिकाबाट स्वीकृत गर्ने र आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने ।

(ग) प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटको अस्पताल व्यवस्थापन समितिले जनशक्ति पदपूर्ति व्यवस्थापन गरिदिन अनुरोध गरेको सन्दर्भमा दुई हप्ताभित्रै पदपूर्ति गरिसक्नु पर्ने विषयलाई मध्यनजर राखी सात दिनको सार्वजनिक सूचनाबाट आवेदन माग गर्ने र अन्तर्वार्ता विधिबाट आ.व. २०७७/७८का लागि पदपूर्ति गर्ने ।

(घ) यसरी पदपूर्ति गर्न भी.न.पा. शिक्षा शाखा प्रमुख, उपसचिव, रामचन्द्र पौडेलको संयोजकत्वमा डा. रिना लामिछाने, सदस्य र स्वास्थ्य शाखा प्रमुख, श्याम बहादुर खड्का, सदस्य सचिव रहेको छनौट तथा सिफारिस समिति गठन गरी २०७७ कार्तिक १३ गतेसम्म पदपूर्ति गरी सिफारिस गर्न जिम्मेवारी तोक्ने ।

(ङ) आपूर्ति गरिने जनशक्तिको सेवा सुविधा सम्वन्धमा अस्पताल व्यवस्थापन समितिको सिफारिसका आधारमा मेडिकल अधिकृतहरुको लागि प्रचलित कानुन बमोजिमको मे.अ. (आठौ तह) को शुरु स्केल तलव र रुजु हाजिर भई कामकाज गरे वापत प्रतिकार्य दिन रु १०००/- थप प्रोत्साहन उपलव्ध गराउने । यो सुविधा हाल कार्यरत मे.अ. हरुको हकमा लागु हुने । त्यसै गरी बहुसीपयुक्त विशेषज्ञ (MDGP Consultant) को पदपूर्ति शिलवन्दी निवेदन माग गरी घटाघट विधिद्वारा कम्तिमा पाँच वर्षको कार्यानुभव, अल्ट्रासाउण्ड तालिम र सीप तथा सेकेन्ड ट्राईमेस्टर एवर्शन गर्न तालिम र अनुभव भएको बढी योग्यता भए मध्येका र विशेषज्ञ सेवा प्रदान गर्न सक्ने सवैभन्दा कम सेवा सुविधा कवोल गर्ने उम्मेदवार छनौट गर्ने । बाँकी अन्य जनशक्तिको सेवाशर्त सम्वन्धी प्रचलित कानून

बमोजिमको शुरु स्केल हुने । प्रचलित आर्थिक कानून बमोजिम र अतिरिक्त कार्यसम्पादन गरे वापतको आर्थिक सुविधा उपलव्ध गराउन बाधा नपर्ने ।

(च) हालको दन्त चिकित्सा सम्वन्धी सेवालाई प्रभावकारी बनाई संचालन गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम पाँचौ तहको शुरु स्केल तलव सुविधा उपलव्ध गराउने गरी १ जना डेन्टल सहायक पदपूर्ति गर्ने ।

(छ) हाल प्रचलित चरिकोट अस्पतालमा कार्यरत कार्यालय सहयोगीहरु अनुभवी र सीपयुक्त भएको हुँदा पदपूर्ति गर्दा उमेरको हद नराख्ने ।

**निर्णय नं २ :** माथि निर्णय नं १ बमोजिम संचालन हुने चरिकोट अस्पतालको संचालन तथा व्यवस्थापन निर्देशिका, २०७७ मस्यौदा गरी आगामी कार्तिक दोश्रो हप्ता भित्र पेश गर्ने तपसिलको कार्यटोली गठन गर्ने ।

| | |
|---|---|
| (क) श्री नविन कुमार लामा, संयोजक विधायन समिति, भी.न.पा. | संयोजक |
| (ख) डा. श्री विनोद दंगाल, MDGP Consultant, न्याय हेल्थ नेपाल, चरिकोट | सदस्य |
| (ग) डा. श्री रिना लामिछाने, प्रमुख, प्राथमिक स्वास्थ्य केन्द्र , चरिकोट | सदस्य |
| (घ) श्री श्याम बहादुर खड्का, स्वास्थ्य शाखा प्रमुख, भी.न.पा. | सदस्य |
| (ङ) श्री उद्धव अधिकारी, प्रतिनिधि, TAF | आमन्त्रित सदस्य |
| (च) श्री राजेन्द्र श्रेष्ठ, अधिवक्ता | आमन्त्रित सदस्य |
| (छ) श्री नारायण प्रसाद सेढाई, भी.न.पा. कार्यालय | सदस्य सचिव |

**निर्णय नं ३** : चरिकोट अस्पतालको विस्तारित सेवाको लागि भौतिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार लगायत फार्मेसी पूर्वाधार सुधार गर्नुपर्ने भएको छ । मौजुदा पूर्वाधारको सामान्य मर्मत सम्भार तथा न्युनतम थप पूर्वाधार निर्माण गर्न लागत अनुमान सहितको सुझाव प्रतिवेदन कार्तिक मसान्तसम्म पेश गर्ने गरी तपसिलको कार्यटोली गठन गर्ने ।

| | |
|---|---|
| (क) ई. सुरेश राउत, प्राविधिक शाखा प्रमुख, भी.न.पा. | संयोजक |
| (ख) डा. रिना लामिछाने, प्रमुख, प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोट | सदस्य |
| (ग) ई. सन्तोष पोख्रेल (Bio medical Engineer) | आमन्त्रित सदस्य |

**निर्णय नं ४ :** उपरोक्त अनुसार वित्तिय व्यवस्थापन तर्फ ५७ औ कार्यपालिकाको बैठकको निर्णय नं १ (ख) मा सामान्य संशोधन गरी प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटको प्राविधिक टोलीले तयार गरेको सेवा शुल्क सम्वन्धी विवरणलाई चरिकोट अस्पताल व्यवस्थापन समितिको सिफारिसका आधारमा मिति २०७७ साल मङ्सिर १ गते देखि कार्यान्वयन गर्न प्रस्तावित चरिकोट अस्पताललाई लेखी पठाउने । (अनुसूचिमा उल्लेख भए बमोजिम)

**निर्णय नं ५ :** निर्णय नं १ बमोजिमको जनशक्तिको सेवा सुविधा सम्वन्धमा प्रस्तावित चरिकोट अस्पतालको खर्च खातामा जम्मा हुने देहायका रकमबाट व्यवस्थापन गर्ने ।

(क) प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटका लागि नेपाल सरकार र बागमती प्रदेश सरकारबाट विनियोजन हुने रकम,
(ख) अस्पतालको सेवा व्यवस्थापनबाट संकलन हुने शुल्क,
(ग) भीमेश्वर नगरपालिकाबाट विनियोजन हुने रकम,
(घ) प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटको खर्च खातामा रहेको मौज्दात रकम,
(ङ) दोलखा जिल्लाका अन्य स्थानीय तहहरुबाट कोषमा जम्मा हुन आउने रकम,
(च) अन्य दातृ निकाय/संघ, संस्थाबाट प्राप्त हुने रकम।

**निर्णय नं ६ :** यस नगरपालिकाबाट संचालित विकास निर्माण, सेवा संचालन तथा सार्वजनिक खर्च सम्वन्धी प्रगति विवरण त्रैमासिक रुपमा पत्रकार सम्मेलन गरी नगर कार्यपालिकाका प्रवक्ता मार्फत सार्वजनिक गर्ने र यथासम्भव नगरपालिकाका फरक भौगोलिक वडाहरुमा चौमासिक सार्वजनिक सुनुवाई आयोजना गर्ने। साथै विषयगत समिति र राजश्व परामर्श समितिका बैठकहरु नियमित गरी समितिहरुलाई क्रियाशील गराउने

**निर्णय नं ७ :** चालु आ.व. का लागि वार्षिक स्वीकृत कार्यक्रमको एकिकृत बस्ती विकास शिर्षकको बजेट देहाय अनुसार कार्यान्वन गर्ने ।
(क) नगरपालिकाको वडा नं १ मा निर्माणाधीन बोसिम्पा एकिकृत बस्तीको लागि प्रति घर रु ३० हजारका दरले २८ घरका लागि रु ८ लाख ४० हजार
(ख) भट्मासे – जिलु सडक मर्मत/स्तरोन्नतिका लागि रु ६ लाख
(ग) डिही – फसी भै एकिकृत बस्तीमा निर्माणाधीन ४८ नमूना घर बराबर रु १४ लाख ६० हजार

**निर्णय नं ८ :** विश्वव्यापी महामारीको रुपमा फैलिई रहेको कोरोना भाइरस रोग संक्रमणबाट सुरक्षित रही आसन्न चाडपर्व मनाउन र स्वास्थ्य मापदण्ड अनुशासनपूर्वक पालना गर्न बडा दसैँ २०७७ को पावन अवसरमा नगरवासीमा शुभकामना सन्देश प्रवाह गर्ने।

**निर्णय नं ९ :** विजयादशमी तथा दिपावली २०७७ को अवसरमा भीमेश्वर नगर कार्यपालिकाको कार्यालय लगायत अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा उचित सुरक्षा वन्दोवस्त र पालोपहरा व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने। साथै वडा दशै तथा दिपावलीको अवसरमा कार्यालय परिसर विशेष सरसफाई गरी साँझ दिपावली समेत गर्न प्रति वडा कार्यालय रु ५ हजारका दरले बजेट उपलब्ध गराउने।

**निर्णय नं १० :** यस नगरपालिका क्षेत्रभित्र कोभिड-१९ प्रतिकार्यको लागि नगरपालिका तथा विभिन्न दातृ निकायद्वारा प्रदान गरिने आर्थिक पुनर्लाभका लागि यस नगर कार्यपालिकाको कार्यालयद्वारा तयार पारिएको **"कोभिड -१९ प्रतिकार्यमा आर्थिक पुनर्लाभका लागि लाभग्राही तथा आयोजना छनौट मापदण्ड, २०७७"** स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।